जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २२९ २०८३ साल बैशाख ३ गते बिहीबार (16 Apr 2026 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : सलहेश फूलबारी मेलाको ... ३ पृष्ठमा : आरोग्य पर्यटन प्रवर्द्धनमा ... ३ पृष्ठमा : बिहारमा नयाँ नेतृत्व, ...

# आन्दोलनका बीच प्रशासनिक कार्यालय सार्ने तयारी



**दैनिक समाचारदाता राजविराज, २ बैशाख ।**

हाल कायम रहेको हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालय छिट्टै नयाँ स्थानमा सारिने भएको छ ।

प्रशासनिक कार्यालय सार्ने विषयलाई लिएर जनप्रतिनिधिकै एक पक्षले आन्दोलन गरिरहेका बेला बुधबार कार्यालय परिसरमै पत्रकार सम्मेलनको आयोजना गरि पालिकाले केही दिन भित्रै कार्यालय हाल कायम रहेको वडाबाट अर्को वडामा सार्ने तयारी भएको जनाएको हो ।

सप्तरीकै पुरानो सदरमुकाम हनुमाननगर वडा नं. १२ मा रहेको पालिकाको कार्यालय आवश्यक पुर्वाधारको अभावमा व्यवस्थित ढंगले संचालन गर्न समस्या भएपछि अर्को व्यवस्था नहुन्जेल सम्मका लागि वडा नं. ५ स्थित प्रस्तावित नगर पशु अस्पतालको नवनिर्मित भवनमा सार्ने निर्णय भएको नगर प्रमुख बिरेन्द्र माझीले जानकारी दिए । यसका लागि शुभसाइत देखाएर छिट्टै कार्यालय नयाँ भवनमा सार्ने तयारी भइरहेको उनको भनाई छ ।

हाल संचालनमा रहेको कार्यालयमा बाढीका बेला असुरक्षित हुने गरेको, बाढीको समयमा डुंगा चढेर कार्यालय भित्र छिर्ने अवस्था रहेको र प्रयाप्त कोठाहरुको अभाव भएको लगायतका कारण देखाउँदै चैत्र २७ गते नगर परिषदको बैठकले आफ्नो कार्यालयको दैनिकी कामकाज हालका लागि नगर पशु अस्पतालको नवनिर्मित भवनबाट संचालन गर्ने निर्णय गरेको थियो ।

प्रमुख माझीले हाल संचालनमा रहेको कार्यालयमा सुरक्षित अवस्थामा रहेको भवन कोठाहरुमा भने नीजि व्यक्तिको घरमा भाडामा रहेका केही वडा तथा स्वास्थ्य चौकी लगायतका कार्यालय राखेर खर्च घटाउने मनसायले पनि त्यस्तो निर्णय गरिएको स्पष्ट पारेका छन् ।

कुल १४ वटा वडा रहेको पालिकाका ५ वटा वडाअध्यक्ष भने उक्त निर्णयको बिरोध गर्दै आइरहेका छन् । नगर परिषदको सो निर्णय बिरुद्ध उनीहरुले चरणबद्ध आन्दोलन गर्दै आएका छन् । उनीहरुले साविककै ठाउँमा वा सोही वडामा नयाँ प्रशासकीय भवन निर्माण कार्यालयको सेवा प्रवाहा गर्नु पर्ने एक सुत्रिय माग अघि सारेका छन् ।

# लामो समयदेखी बन्द रहेका छोटी भन्सारहरु खुलाउन पहल गर्ने प्रतिबद्धता



**दैनिक समाचारदाता राजविराज, २ बैशाख ।**

मओवादी द्वन्दका बेला बन्द गरिएका छोटी भन्सार कार्यालयहरु पुन:संचालनका लागि आवश्यक पहल गर्ने प्रतिनिधिसभा सदस्य अमरकान्त चौधरीले प्रतिबद्धता व्यक्त गरेका छन् ।

हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाका तर्फबाट उम्मेदवार भई सप्तरीको क्षेत्र नं. ३ बाट निर्वाचित भई बुधबार आफ्नै निवास परिसरमा नयाँ वर्ष तथा जुडशितल पर्वको अवसरमा शुभकामना आदान प्रदान तथा सरोकारवालासँगको छलफल कार्यक्रममा यस्तो प्रतिबद्धता जनाएका हुन् ।

छिमेकी देश भारतसँग खुला सीमानासँग जोडिएका जिल्लाका तिलाठी कोइलाडी गाउँपालिकास्थित मुख्य भन्सार कार्यालय बाहेक अन्य सबै छोटी भन्सार कार्यालयहरु बन्द हुँदा उपभोक्ता र उद्योगि व्यवसायी दुवै मारमा परेको कार्यक्रममा सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवाल तथा उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य अरुण प्रधानले ध्यानाकर्षण गराएपछी सांसद चौधरीले उक्त समस्या समाधानका लागि आवश्यक पहल तत्कालै सुरु गरिने प्रतिबद्धता जनाए । यसका लागि जिल्लाका सबै सांसदहरु मिलेर काम गर्ने उनको

बाँकी तीन पृष्ठमा

# दुई सय २५ केजी गाँजासहित दुई जना पक्राउ

**दैनिक समाचारदाता सुनसरी, २ बैशाख ।**

सुनसरी बराहक्षेत्र नगरपालिका-६ बाट ठूलो परिणामा लागुऔषध गाँजासहित पक्राउ परेका दुई जनालाई बुधबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा स्थानीय २० वर्षीय विशेष माझी र १८ वर्षीय रोशन श्रेष्ठ रहेको सुनसरीका प्रहरी उपरीक्षक केशव थेवेले जानकारी दिए ।

सप्तकोशी नदीमा लागुऔषध गाँजा ओसारपसार भइरहेको भनी गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीको टोलीले २२५ केजी गाजासहित दुवै जनालाई नियन्त्रणमा लिएको उनले जानकारी दिए ।

बाँसको झाकलाई भडगालो छेउमा चेकजाँच गर्ने क्रममा झाक मुनिको भागमा लुकाइछिपाइ राखेको अवस्थामा नौ वटा प्लाष्टिकको बोरामा २२५ किलो गाँजा र को ३० प ९४७५ नम्बर मोटरसाइकलसहित दुवै जनालाई नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक थेवेले जानकारी दिए । पक्राउ परेकाको विषयमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# स्थानीय तहसँग मागियो विद्यालय समायोजनको विवरण

काठमाडौं, २ वैशाख (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतको शिक्षा तथा मानवस्रोत विकास केन्द्रले सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको कार्यान्वयनका क्रममा विद्यालय समायोजन र नयाँ स्थापना गरिएका विद्यालयको विवरण मागेको छ ।

केन्द्रले सबै स्थानीय तहलाई पत्राचार गरेर मन्त्रिपरिषद्को गत चैत १३ को बैठकको निर्णयमा रहेको १०० बुँदे कार्यसूचीअन्तर्गत पर्ने विद्यालय शिक्षा क्षेत्रका विषयबारेको विवरण मागेको हो । केन्द्रले भौगोलिक सूचना प्रणालीको प्रयोगमार्फत् वैज्ञानिक नक्साङ्कन गरी जनसङ्ख्याको बदलिँदो स्वरुप, भौगोलिक विकटता, विद्यार्थी सङ्ख्या र दुरी आदिका आधारमा विद्यालय समायोजन गरिएका तथा नयाँ स्थापना गरिएका विद्यालयको विवरण स्थानीय तहसँग मागेको छ ।

केन्द्रका निर्देशक डा श्यामप्रसाद आचार्यले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ बमोजिम निजी लगानीका विद्यालय र सार्वजनिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालय ऐनद्वारा निर्धारित अनुपातमा अनिवार्यरूपमा छात्रवृत्ति उपलब्ध गराउने विद्यालयगत विद्यार्थी विवरण पनि माग गरिएको बताउनुभयो ।

यसैगरी, विविध कारणले जन्मदर्ताको प्रमाणपत्र प्राप्त गर्न नसकेका बालबालिकाका हकमा स्थानीय तहबाट प्रमाणित विवरणका आधारमा विद्यालयमा भर्ना गर्ने व्यवस्था मिलाउने र त्यसरी भर्ना भएका विद्यार्थी विवरण पनि माग गरिएको छ ।

**सम्पदा जोगाऔं, पहिचान बचाऔं।**

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं।
- सम्पदा क्षेत्रको संरक्षणसम्वन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
- पुराना सम्पदाहरूको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सलहेश फूलबारी मेलाको अन्तरराष्ट्रियकरणको खाँचो

राजेश विद्रोही
काठमाडौं, २ वैशाख (रासस)।

नयाँ वर्षको दिन सिरहाको लहानमा अवस्थित लोकनायक सलहेश फूलबारी मेला लाग्ने गर्दछ। यो मेलाको आफ्नै प्राचीन र ऐतिहासिक महत्व रहेको छ। मिथिलाको धार्मिक–ऐतिहासिक भूमिमा रहेको यो स्थल दलित समुदायअन्तर्गत पर्ने दुसाद (पासवान) जातिको पुर्ख्यौली इतिहाससँग जोडिएको छ। नेपालका महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थलहरूमध्ये यो पनि एक विशिष्ट पहिचान बोकेको स्थल हो तर दलित समुदायको इतिहाससँग सम्बन्धित भएकै कारण यो स्थल लामो समयसम्म ओझेलमा परेको मात्र छैन, पछिल्लो समय विभिन्न कारणले विवादमा समेत तानिएको छ।

यस सन्दर्भमा राज्यले गम्भीर अध्ययन र अनुसन्धान गरी यस स्थललाई यसको मौलिक इतिहाससँग जोडिएको समुदायकै अग्राधिकार सुनिश्चित हुने गरी संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक देखिन्छ। साथै, नयाँ वर्षको अवसरमा यस मेलाको व्यापक प्रचारप्रसार गरी विदेशी पर्यटक आकर्षित गर्ने उद्देश्यले अन्तरराष्ट्रियकरण गर्नु आजको आवश्यकता हो। यसबाट राज्यको आर्थिक, सामाजिक र ऐतिहासिक विकासमा महत्वपूर्ण योगदान पुग्ने निश्चित छ।

नेपालको तराई–मधेस भौगोलिक रुपमा मात्र नभई यो इतिहास, लोकविश्वास र सांस्कृतिक स्मृतिहरूको जीवित सङ्ग्रहालय पनि हो। यहाँका प्रत्येक पर्व, मेला र परम्पराले कुनै न कुनै सामाजिक, ऐतिहासिक वा सांस्कृतिक अर्थ बोकेका छन्। यिनै परम्पराहरूको बीचमा गहिरो जनविश्वास, पहिचान र प्रतिरोधको चेतनासँग गाँसिएको एक महत्वपूर्ण सांस्कृतिक अभ्यास हो–राजा सलहेशको कथा र फूलबारी मेला। जुन प्रत्येक नयाँ वर्षको दिन विशेष उत्साहका साथ मनाइन्छ।

वैशाख १ नेपाली नयाँ वर्षको सुरुवात मात्र होइन, यो समयको पुनरारम्भ, आशा र नवजीवनको प्रतीक पनि हो। पहाडी क्षेत्रझैं मधेसमा पनि नयाँ वर्षले सामाजिक, धार्मिक र सांस्कृतिक गतिविधिलाई नयाँ ऊर्जा दिन्छ। तर मधेसको विशेषता के हो भने यहाँ नयाँ वर्ष केवल पात्रो परिवर्तनमा सीमित छैन–यो लोकनायकहरूको स्मरण, सामूहिक आस्था र सामाजिक सांस्कृतिक पुनर्जागरणसँग गहिरो रूपमा जोडिएको छ। राजा सलहेशको फूलबारी मेला यसै सन्दर्भमा नयाँ वर्षलाई सामाजिक अर्थ दिने महत्वपूर्ण माध्यम बनेको छ। यहाँ नयाँ वर्षको स्वागत केवल शुभकामना साटासाटबाट मात्र होइन, सांस्कृतिक भेला, सामूहिक अनुष्ठान र ऐतिहासिक स्मरणमार्फत गरिन्छ।

राजा सलहेश मधेसी समाजका विशेषगरी दुसाध (पासवान) समुदायका लागि केवल ऐतिहासिक पात्र मात्र होइनन्, उनी सामाजिक न्याय, समानता र प्रतिरोधका प्रतीक पनि हुन्। मौखिक परम्पराअनुसार उनी १३औं वा १४औं शताब्दीका वीर, न्यायप्रिय र जनमुखी सामाजिक शासक थिए। उनको कथा लिखित इतिहासमा सीमित रूपमा पाइए पनि लोकगीत, नाच, नाटक र सामुदायिक स्मृतिमा गहिरोसँग स्थापित छ। इतिहासशास्त्रीय दृष्टिले हेर्दा सलहेश जस्ता पात्रहरू 'लोकइतिहास' का प्रतिनिधि हुन्–जहाँ औपचारिक दस्तावेजभन्दा जनस्मृति र सांस्कृतिक अभ्यासले इतिहास निर्माण गर्छ। दलित समुदायले भोग्दै आएको ऐतिहासिक विभेद, बहिष्कार र शोषणको सन्दर्भमा सलहेशको कथा आत्मसम्मानको स्रोत बनेको छ। यसले एउटा सन्देश दिन्छ–"हामी पनि इतिहासका निर्माता हौं।"



राजा सलहेशसँग सम्बन्धित प्रमुख स्थलका रूपमा महिसौथा गढलाई लिइन्छ। यसलाई उनको दरबार रहेको स्थान मानिन्छ। यस्ता स्थलहरू केवल धार्मिक केन्द्र मात्र होइनन्, यी सांस्कृतिक भूगोलका महत्वपूर्ण अङ्ग हुन्। फूलबारी मेला वरिपरि मानिक दह, पोखरीया गढ, पतारी ऐतिहासिक मेलाहरू पनि लाग्ने गर्छन्। यसले कुनै समुदायको ऐतिहासिक उपस्थिति, सांस्कृतिक निरन्तरता र पहिचानलाई भौगोलिक रूपमा स्थापित गर्छन् तर विडम्बना के छ भने यस्ता स्थलहरूको संरक्षणमा राज्यको ध्यान अझै पुग्न सकेको छैन। यदि महिसौथा गढलगायतका क्षेत्रहरूको वैज्ञानिक अध्ययन, संरक्षण र व्यवस्थित प्रवर्द्धन गरियो भने यसले राष्ट्रिय सम्पदाका रूपमा मान्यता पाउन सक्छ भने अन्तरराष्ट्रिय बजारीकरण पनि गर्न सकिन्छ।

सिरहाको लहान क्षेत्रमा पर्ने सलहेश फूलबारीमा लाग्ने मेला यस सम्पूर्ण परम्पराको केन्द्र हो। यसको मूल कथा राजा सलहेश र मालिनीबीचको प्रेमसँग जोडिएको छ। जनविश्वासअनुसार हरेक वर्ष वैशाख महिनामा फूलबारीको एक विशेष रुखमा सुनाखरी फूल आफैं फुल्ने गर्दछ, जसलाई सलहेश र मालिनीको प्रतीकात्मक मिलनको रूपमा व्याख्या गरिन्छ। वैज्ञानिक दृष्टिले यो मौसमी जैविक प्रक्रिया हुन सक्छ। तर स्थानीय समुदायका लागि यो दिव्य चमत्कार हो। यही बिन्दुमा विज्ञान र आस्थाबीचको सहअस्तित्व देखिन्छ। समाजशास्त्रीय रूपमा हेर्दा यस्ता विश्वासहरूले समुदायलाई एकताबद्ध बनाउने, सांस्कृतिक निरन्तरता कायम राख्ने र सामूहिक पहिचान निर्माण गर्ने काम गर्छन्।

फूलबारी मेला नेपालको मात्र होइन, भारतको बिहार राज्यसँग पनि गहिरो रूपमा जोडिएको छ। हरेक वर्ष हजारौं श्रद्धालु बिहारबाट यहाँ आउने गर्छन्। यसले मधेसको सांस्कृतिक सम्बन्धलाई सीमापार विस्तार गरेको छ। यसलाई 'ट्रान्सनेशनल कल्चर' का रूपमा व्याख्या गर्न सकिन्छ–जहाँ संस्कृति राजनीतिक सीमाभन्दा माथि उठेर समुदायलाई जोड्छ। यो पक्षले नेपाल–भारतबीच सांस्कृतिक कूटनीतिलाई मजबुत बनाउन ठूलो भूमिका खेल्न सक्छ। यदि राज्यले यसलाई सही रूपमा उपयोग गर्न सकेमा यो क्षेत्र सांस्कृतिक सहकार्यको उत्कृष्ट उदाहरण बन्न सक्छ। अघिल्लो वर्ष यो धर्तीलाई थप परिस्कृत तथा अन्तरराष्ट्रियकरण गर्न डा.भीम राव अम्बेडकरको शालिकसहित पार्क बनाउने सुनिश्चित भएको थियो। तर विवादको कारण सफल हुन सकेन।

फूलबारी मेला केवल सांस्कृतिक कार्यक्रम मात्र होइन, यो स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधार पनि हो। प्रत्येक वर्ष हजारौं मानिसहरूको सहभागिताले बजारमा ठूलो आर्थिक गतिविधि सिर्जना गर्छ। होटल, यातायात, खुद्रा व्यापार, हस्तकला र खाद्य व्यवसायले राम्रो आम्दानी गर्छन्। यसले स्थानीय रोजगारी सिर्जना गर्नुका साथै गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउँछ।यदि यसलाई व्यवस्थित पर्यटनसँग जोड्न सकियो भने यो क्षेत्र आर्थिक रूपमा अझ सशक्त बन्न सक्छ तर हालसम्म योजनाबद्ध विकासको अभाव, अस्थायी संरचना र कमजोर व्यवस्थापनले यसको पूर्ण सम्भावना उपयोग हुन सकेको छैन।

फूलबारी मेलाको सबैभन्दा महत्वपूर्ण पक्ष यसको सामाजिक र राजनीतिक सन्देश हो। दलित समुदायका लागि सलहेश केवल देवता होइनन्, उनी आत्मसम्मान र प्रतिरोधका प्रतीक हुन्। नेपालको ऐतिहासिक रूपमा विभेदपूर्ण सामाजिक संरचनामा सलहेशको कथा वैकल्पिक शक्ति स्रोत बनेको छ। यसले पहिचान, समानता र अधिकारका लागि संघर्ष गर्ने प्रेरणा दिन्छ।यसलाई 'सांस्कृतिक राजनीति' का रूपमा पनि बुझ्न सकिन्छ–जहाँ सांस्कृतिक अभ्यासहरू सामाजिक परिवर्तनका माध्यम बन्छन्।

यति महत्वपूर्ण सांस्कृतिक सम्पदा हुँदाहुँदै पनि फूलबारी मेला अझै राष्ट्रिय सीमाभित्रै सीमित छ। यसको अन्तरराष्ट्रियकरण आवश्यक हुनुका प्रमुख कारणहरू स्पष्ट छन्। पहिलो, विश्वव्यापी पहिचानका लागि–मधेसी दलित समुदायको समृद्ध इतिहास र सांस्कृतिक विरासतलाई अन्तरराष्ट्रिय स्तरमा चिनाउन आवश्यक छ। दोस्रो, पर्यटन प्रवर्द्धनका लागि–धार्मिक तथा सांस्कृतिक पर्यटनमार्फत विदेशी पर्यटक आकर्षित गरी देशको पर्यटन क्षेत्रलाई बलियो बनाउन सकिन्छ। तेस्रो, आर्थिक सशक्तीकरणका लागि–मेलासँग जोडिएका स्थानीय व्यवसाय, हस्तकला र सेवा क्षेत्रलाई दिगो रूपमा सुदृढ गर्न अन्तरराष्ट्रिय ध्यान आवश्यक हुन्छ। चौथो, सांस्कृतिक कूटनीतिका लागि–नेपाल, भारतलगायत अन्य देशहरूसँग सांस्कृतिक सम्बन्ध विस्तार गर्दै आपसी समझदारी र सहकार्यलाई अझ मजबुत बनाउन यसको अन्तरराष्ट्रियकरण अपरिहार्य देखिन्छ।

**अन्तरराष्ट्रियकरणका सम्भावित उपायहरू**

सलहेश फूलबारी मेलाको संरक्षण, प्रवर्द्धन र अन्तरराष्ट्रियकरणका लागि दीर्घकालीन र बहुआयामिक रणनीति आवश्यक छ। सबैभन्दा पहिले, सलहेश परम्परालाई "युनेस्को अमूर्त सांस्कृतिक सम्पदा" सूचीमा सूचीकृत गराउने पहलले यसको अन्तरराष्ट्रिय मान्यता र संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। त्यसैगरी फूलबारी मेला, महिसौथा गढ, मनिक दह, पोखडीया गढ, पतारी तथा सप्तरीका दिनाभद्री मन्दिरलाई जोडेर "दलित सांस्कृतिक सलहेश सर्किट" निर्माण गर्न सकिन्छ। जसले धार्मिक–सांस्कृतिक पर्यटनलाई बढावा दिन्छ र स्थानीय अर्थतन्त्र सुदृढ बनाउँछ।

डिजिटल अभिलेखीकरणमार्फत सलहेशसँग सम्बन्धित लोककथा, गीत, नाटक र अनुष्ठानहरू सुरक्षित गर्नुपर्छ, जसले मौखिक परम्परालाई दीर्घकालीन रूपमा जोगाउँछ। साथै अन्तरराष्ट्रिय महोत्सव आयोजना, पूर्वाधार विकास (सडक, होटल, सरसफाइ, सूचना केन्द्र) र शैक्षिक पाठ्यक्रममा समावेशीकरण पनि आवश्यक छन्। तर, पूर्वाधारको अभाव, व्यवस्थापन कमजोरी र संरक्षण चुनौतीहरूलाई समाधान गर्न राज्य, स्थानीय तह, निजी क्षेत्र र समुदायबीच सहकार्य अपरिहार्य छ। समावेशी दृष्टिकोण अपनाएर मात्र दलित समुदायसँग जोडिएको सलहेश परम्पराको दीगो संरक्षण सम्भव हुन्छ।

अन्त्यमा राजा सलहेश र फूलबारी मेला केवल धार्मिक वा सांस्कृतिक कार्यक्रम मात्र होइन। यो मधेसी दलित समुदायको आत्मा, इतिहास, प्रेम, सङ्घर्ष र पहिचानको सङ्गम हो। तर यसलाई एउटै जातिसँग मात्र जोड्नु हुँदैन, तर ऐतिहासिकता भने जोड्नुपर्छ। र, सबैको साझा र राष्ट्रकै सम्पत्तिको रुपमा विकास गर्नुपर्छ। यसले नयाँ वर्षलाई समयको परिवर्तनको रुपमा मात्र होइन, सामाजिक चेतनाको पुनर्जागरणको रूपमा स्थापित गर्छ। त्यसैले यसको संरक्षण र प्रवर्द्धन गर्नु केवल स्थानीय समुदायको जिम्मेवारी मात्र होइन, सम्पूर्ण राष्ट्रको कर्तव्य हो। अब नीतिगत प्रतिबद्धता, वैज्ञानिक अध्ययन, सांस्कृतिक सम्मान र दिगो विकासको स्पष्ट दृष्टिकोणको आवश्यक छ। यदि हामीले समयमै यसलाई अन्तरराष्ट्रिय स्तरमा स्थापित गर्न सक्यौं भने वैशाख १ को फूलबारी मेला केवल एउटा परम्परा मात्र नभई नेपालको राष्ट्रिय गौरव र विश्व सांस्कृतिक सम्पदाको उज्यालो प्रतीक बन्न सक्छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# आरोग्य पर्यटन प्रवर्द्धनमा नयाँ आयाम

**कृष्ण अधिकारी**

काठमाडौं, २ वैशाख (रासस)।

वर्तमान सरकारले शासकीय सुधारका लागि तयार गरेको कामको सूचीमा आरोग्य पर्यटनलाई आर्थिक रूपान्तरणको राष्ट्रिय एजेन्डासहित नेपालको योग र प्राकृतिक चिकित्सा पर्यटनलाई अन्तर्राष्ट्रिय रूपमा चिनाउने योजना अघि सारेको छ। सरकारले हालै सार्वजनिक गरेको शासकीय सुधारका लागि एक सय कार्यसूचीको ७३ नं बुँदामा नेपाललाई आरोग्य पर्यटन (पूर्वीय दर्शन, ध्यान, योग, प्राकृतिक चिकित्सालगायत) को 'हब' बनाउन १५ दिनभित्र आरोग्य पर्यटन रणनीति जारी गर्ने उल्लेख गरेको छ। साथै, नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसङ्घको महासभाले हरेक वर्ष अप्रिल १५ लाई अन्तरराष्ट्रिय आरोग्य दिवस मनाउने निर्णय गरेकामा उक्त प्रस्तावमा मतदान गर्ने सबै सदस्य राष्ट्रहरुलाई धन्यवाद ज्ञापन गरिएको छ। आरोग्य पर्यटनलाई प्रवर्द्धन गर्न 'नेपाल वेलनेस इयर २०२७' मनाउन अन्तरनिकाय संयन्त्र बनाउने निर्णयले नेपाललाई आरोग्य पर्यटनको केन्द्रको रुपमा स्थापित गर्न बाटो खुलेको छ।

औषधि विज्ञानका क्षेत्रमा आज विश्वमा अनेक खोज अनुसन्धानहरुसँगै नयाँनयाँ रोगको सङ्क्रमण पनि उत्तिकै बढ्दै जाँदा आधुनिक चिकित्सा पद्दतिले आम मानिसलाई पूर्ण स्वास्थ्यको सुनिश्चित गर्न सकेको छैन। निदनात्मक उपचार पद्दतिबाट कुनै रोगको उपचार हुन सके पनि त्यसको नकारात्मक असरबाट अर्को स्वास्थ्य समस्या देखिन जाँदा मानिसलाई पूर्ण निरोगी तुल्याउन कठिन भएको छ। वास्तवमा स्वास्थ्यलाई केबल उपचारको विषयका रूपमा मात्र नभई समग्र जीवनशैली र सामाजिक प्रणालीसँग जोडेर हेर्नुपर्ने हुन्छ। मानिसको स्वास्थ्य स्थिति आन्तरिक सन्तुलन, सचेतना, स्वजागरण र आरोग्यबाट सुरु हुन्छ।

पछिल्लो समय स्वास्थ्यलाई केबल रोग नलाग्नुको अवस्था मात्र नभई समग्र कल्याणको अवस्थाका रूपमा परिभाषित गरेको छ। दिगो र सुदृढ समाज निर्माणका लागि रोकथाममुखी स्वास्थ्य सेवा, स्वस्थ जीवनशैलीको प्रवर्द्धन तथा सबैलाई पहुँच हुने समावेशी स्वास्थ्य प्रणाली विकासमा जोड दिन थालिएको छ। यहाँ स्वास्थ्य भन्नाले शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, भावनात्मक तथा पर्यावरणीय पक्षसहितको समग्र सन्तुलित अवस्थालाई जनाउँछ। आधुनिक उपचार पद्दतिभन्दा पनि रोग नलाग्ने अवस्था मात्र नभई शारीरिक, मानसिक, सामाजिक तथा पर्यावरणीय सन्तुलनसहितको समग्र कल्याणका रूपमा राख्न पूर्वीय सभ्यतामा आधारित आरोग्यता जरुरत हुने तथ्यलाई विश्वव्यापी रुपमा स्वीकार गर्न थालिएको छ।

**राष्ट्र सङ्घद्वारा नेपालको प्रस्ताव स्वीकार**

नेपालले प्रस्ताव गरे अनुसार समग्र स्वास्थ्य, सुख र सन्तुलित जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको महासभाले गत मार्च १० मा हरेक वर्ष अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउने प्रस्ताव पारित गरेसँगै देशमा आरोग्य पर्यटन (वेलनेस टुरिजम) प्रवर्द्धनले थप गति लिने विश्वास गरिएको छ। यसलाई नेपालका लागि कूटनीतिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ। सस्तो, सुलभ र समावेशी स्वास्थ्य अभ्यास अवलम्बन गर्न सबैलाई प्रेरित गर्नु नै यो दिवसको मुख्य लक्ष्य हो। यसले स्वस्थ जीवनशैली, मानसिक स्वास्थ्य संरक्षण तथा प्रकृतिसँग सन्तुलित जीवन बिताउन विश्व समुदायलाई प्रेरित गर्नेछ। नेपालले अन्तर्राष्ट्रिय स्तरमा आरोग्यको अवधारणालाई प्रवर्द्धन गर्ने उद्देश्यसहित यो प्रस्ताव अघि सारेको हो। महासभाबाट प्रस्ताव पारित भएसँगै आरोग्यसम्बन्धी अवधारणालाई विश्वव्यापी रूपमा संस्थागत गर्ने दिशामा महत्वपूर्ण कदमका रुपमा लिन सकिन्छ। नेपालले प्रस्तुत गरेको अवधारणाले विश्वव्यापी स्वास्थ्य बहसलाई नयाँ आयाम दिने विश्वास गरिएको छ।

महासभामा प्रस्ताव पारित भएपछि यसले विश्व समुदायलाई स्वास्थ्यप्रति समग्र दृष्टिकोण अपनाउन प्रेरित गरेको छ। साथै, विश्वभर सुदृढ र दिगो समाज निर्माणका लागि रोकथाममुखी स्वास्थ्य सेवा, स्वस्थ जीवनशैली तथा समावेशी स्वास्थ्य प्रणाली प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा पनि जोड दिएको छ। यस प्रस्तावले विश्वभर स्वास्थ्य प्रवर्द्धनका लागि बहुआयामिक दृष्टिकोण अपनाउन मार्गनिर्देशन गर्नुका साथै योग, ध्यान र प्राकृतिक उपचारमा आधारित आरोग्य पर्यटन प्रवर्द्धनमा समेत नेपाललाई महत्वपूर्ण अवसर प्राप्त भएको छ।

विश्वव्यापी रुपमा आरोग्य पर्यटनको महत्वपूर्ण हिस्साको रुपमा प्रवर्द्धन गर्न सकिने र यसबाट नेपाली पर्यटन परिदृश्यको गुणात्मक सुधार हुने अपेक्षा गरिएको छ। यसबाट नेपाल आउने पर्यटकको संख्या वृद्धि हुने, पर्यटकको औसत वसाई लम्बिने र पर्यटकको दैनिक खर्चमा समेत वृद्धि भई मुलुकको अर्थतन्त्रमा समेत उल्लेख्य सुधार आउने विश्वास गर्न सकिन्छ। स्वास्थ्यलाई बहुआयामिक रूपमा बुझ्ने र त्यसअनुसार नीति तथा कार्यक्रम विकास गर्ने दिशामा यस्तो अन्तर्राष्ट्रिय पहल प्रभावकारी हुन सक्छ।

आरोग्य पर्यटनको प्रस्तावक राष्ट्रको हैसियतमा विश्व पर्यटन बजारमा नेपाल प्रमुख स्रोत गन्तव्यको रुपमा स्थापित हुने भएकाले नवीन सोच, प्रभावकारी कार्यक्रम र परिणाममुखी व्यवस्थापनमार्फत नेपाललाई आरोग्य पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न सम्बद्ध सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पक्षको सक्रियता आवश्यक पर्दछ। विशेषगरी स्वास्थ्य सेवामा समान पहुँच, रोगको रोकथाम, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा वातावरणीय स्वास्थ्यका विषयलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने हुन्छ। यसका लागि सरकार, अन्तर्राष्ट्रिय संस्था तथा समुदायबीच सहकार्य बढाउँदै स्वास्थ्य प्रणालीलाई थप प्रभावकारी बनाउनु पर्ने हुन्छ।

**आरोग्य पर्यटनको सम्भावना**

आरोग्य पर्यटनलाई नेपालले 'सफ्ट पावर' का रूपमा प्रयोग गर्न सक्ने अवसर रहेको छ। ध्यान, योग र प्राकृतिक चिकित्सासहितको आरोग्य पर्यटनले राष्ट्रिय गौरव जोगाउन र मानव कल्याणयुक्त पर्यापर्यटनको विकासमा सहयोग पुग्नेछ। प्राकृतिक सम्पदा, सांस्कृतिक धरोहर, परम्परागत चिकित्सा प्रणाली र आध्यात्मिक शक्तिजस्ता आधारहरुले नेपाल आरोग्य पर्यटनका लागि विश्वमै प्रमुख गन्तव्य स्थल बन्न सहयोग पुग्दछ। यहाँको भौगोलिक विविधता, योग र ध्यानको केन्द्र, आयुर्वेदिक जडीबुटी र परम्परागत उपचार पद्धति, धार्मिक सहिष्णुता, सांस्कृतिक सम्पदा, स्वच्छ पानी र जैविक खाद्य प्रणाली नै आरोग्य पर्यटनका लागि उपयुक्त आधारहरु हुन्।

'आरोग्य नै समृद्धिको आधार हो' भन्ने लक्ष्यका साथ हाम्रा नीति, योजना र कार्यक्रमहरु कार्यान्वयन गर्न सक्दा विश्व समुदायबाट राम्रो लाभ लिन सकिने अवसर रहेको छ। आज विश्वभर आरोग्य उद्योग तीव्र गतिमा विस्तार भइरहेको छ। ग्लोबल वेल्नेस इन्स्टिच्युटका अनुसार सन् २०२४ मा विश्व आरोग्य अर्थतन्त्र ६.७६ ट्रिलियन अमेरिकी डलर पुगेको छ, जुन सन् २०१९ को ४.९९ ट्रिलियन डलरको तुलनामा करिब १३४.४ प्रतिशतले बढी हो। सन् २०२९ मा यो ९.७५ ट्रिलियन अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ। यसमा थोरै अंश भए पनि प्राप्त गर्न सक्दा नेपालको समृद्धिमा ठूलो योगदान पुग्दछ।

आज विश्व आपसी द्वन्द, अस्थिर राजनीति र धराशायी अर्थतन्त्रका कारण अशान्त, तनाव र अस्वस्थकर वातावरणमा गुज्रिन बाध्य भइरहेको अवस्थामा संयुक्त राष्ट्र सङ्घले नेपालको प्रस्तावलाई स्वीकार गरी मानवको समग्र आरोग्य र कल्याणलाई अन्तर्राष्ट्रिय एजेन्डामा स्थान दिनु अत्यन्त प्रेरणादायी र महत्वपूर्ण अवसर हो। नेपालले आरोग्य पर्यटनलाई आफ्नो राष्ट्रिय ब्रान्डका रूपमा स्थापित गर्न सकेको अवस्थामा आर्थिक समृद्धि मात्र होइन, विश्वलाई स्वास्थ्य, शान्ति र सन्तुलित जीवनशैली प्रदान गर्ने केन्द्रका रूपमा आफूलाई स्थापित गर्न सक्ने अवसर प्राप्त गरेको छ। अन्त्यमा नेपाललाई आरोग्य र आरोग्य पर्यटनको विश्व केन्द्रका रूपमा विकास गर्ने अभियानलाई सरकार, नागरिक समाज र आम नेपाली नागरिकको सामूहिक पहलमा अगाडि बढाउन सकेमा मुलुकको दिगो समृद्धिको र विश्वमा नेपालको बलियो योगदानको मार्गप्रशस्त गर्न सकिन्छ।

आज नेपाललगायत विश्वभर "हिमालको चेतना, विश्वको आरोग्य" भन्ने नाराका साथ नेपाललगायत संसारभर आरोग्य दिवस मनाइँदैछ। जीवन विज्ञानले लामो समयदेखि नै विश्वभरका मानिसहरूको पूर्ण स्वास्थ्य र समग्र कल्याणका लागि योग, ध्यान र आरोग्यका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। त्यस्तै आरोग्य पर्यटनको क्षेत्रमा कार्य गरिरहेको होटल सङ्घ नेपालले नेपाल सरकारको नेतृत्वमा आरोग्य पर्यटनसम्बन्धी रणनीतिक अवधारणापत्र तयार गर्ने काममा सहकार्य गर्दै आएको छ। संयुक्त राष्ट्र सङ्घको आह्वानमा आज पहिलोपटक मनाउन लागिएको यस दिवसलाई केबल केबल औपचारिक रुपमा मात्रै नभएर मौलिक ज्ञान, संस्कृति र जीवनशैलीलाई विश्वभर फैलाउने ऐतिहासिक अवसरका रूपमा लिनुपर्छ। आरोग्य पर्यटनलाई प्रवर्द्धन गर्न सरकारले सन् २०२७ लाई 'नेपाल वेलनेस इयर' मनाउने निर्णय गरिसकेको सन्दर्भमा स्वदेशभित्रै सबै सरोकारवाला निकायहरुले आवश्यक पूर्वाधार तयार गर्न र विश्वभर प्रचारप्रसार अभियान थालनीको रुपमा प्रतिज्ञा गर्ने क्षणका रुपमा पनि यस दिनलाई लिनुपर्दछ।

*लामो समयदेखी ...*

भनाई छ।

हाल सरकारले सीमा क्षेत्रबाट एक सय रुँपैया भन्दा बढीको सामान ल्याउँदा भन्सार शुल्क तिरेर ल्याउनु पर्ने व्यवस्थाले राजश्व संकलन बृद्धि हुने भएपनि छोटी भन्सार कार्यालय संचालन नहुँदा मुख्य भन्सार पुगेर दुई सय मुल्य बराबर सामानको भन्सार कटाउन दुई सय देखी तीन सय रुँपैयासम्म गाडी भाडा तिर्नुपर्ने अवस्था रहेको कार्यक्रममा सहभागि उपभोक्ता र उद्योगि व्यवसायीले गुनसो पोखेका थिए।

सांसद चौधरीले आफ्नो पहिलो प्राथमिकता जनताको काम र जिल्लाको समग्र विकास रहेको भन्दै पर्व, त्योहार र बिदालाई जनहितमा प्रयोग गर्ने सोच बनाएको बताए।

कार्यक्रममा पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख रेखा यादव, रास्वपाका नेता अमरकान्त झा, सरोज मण्डल, उपेन्द्र साह, भुपेन्द्र चौधरी, प्रमोद कुमार यादव, धनाई मण्डल, शिवराम साह लगायतले पनि जिल्लाको समस्या उठान तथा आ-आफ्ना सुझावसहित नव वर्ष तथा जुडशितल पर्वको शुभकामना दिएका थिए।

## विश्व समाचार

### बिहारमा नयाँ नेतृत्व, मुख्यमन्त्रीमा सम्राट चौधरी

पटना (बिहार), २ वैशाख (रासस/एएनआई)।

भारतको बिहार राज्यमा राजनीतिक इतिहासमै महत्त्वपूर्ण मोड आएको छ। भारतीय जनता पार्टी (भाजपा) का नेता सम्राट चौधरीले बुधबार बिहारको मुख्यमन्त्रीका रूपमा शपथ लिनुभएको छ। यससँगै लामो समयदेखि राज्य राजनीतिमा प्रभाव जमाउँदै आउनुभएका नितिश कुमारको युग समाप्त भएको सङ्केत गरिएको छ।

राज्यसभामा जाने निर्णय गर्नुअघि एक दशकभन्दा बढी समय बिहारको नेतृत्व सम्हाल्नुभएका नितिश कुमारको उत्तराधिकारीका रूपमा सम्राट चौधरी बिहान राज्यपालको निवास बिहार लोक भवनमा पुग्नुभएको थियो। त्यहीँ बिहारका राज्यपाल सैयद अता हसनैनले उहाँलाई मुख्यमन्त्री पदको शपथ दिलाउनुभएको हो।

नितिश कुमारको राजीनामापछि चौधरी बिहारका पहिलो भाजपा मुख्यमन्त्री बन्नुभएको छ। सन् २०२५ को विधानसभा चुनावमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए) ले ऐतिहासिक जित दर्ता गरेपछि उहाँले रेकर्ड १०औँ पटक मुख्यमन्त्रीको रूपमा शपथ लिनुभएको थियो। यसले राज्य राजनीतिमा लामो समयसम्म उहाँको प्रभाव देखाएको थियो।

तर अब ५७ वर्षीय सम्राट चौधरीले उहाँको स्थान लिँदै बिहारको नेतृत्व सम्हाल्नुभएको छ। उहाँको उदयलाई केवल सत्ता परिवर्तनका रूपमा मात्र नभई बिहारको राजनीतिक युग परिवर्तनका रूपमा पनि हेरिएको छ, जहाँ नितिश कुमारको 'सुशासन' केन्द्रित शासन शैलीले लामो समय प्रभाव जमाएको थियो।

सम्राट चौधरीको राजनीतिक यात्रा रोचक मानिन्छ। राजनीतिमा प्रारम्भिक प्रवेश उहाँले १९९० को दशकमा राष्ट्रिय जनता दल (आरजेडी) बाट गर्नुभएको थियो भने पछि सन् २०१८ मा उहाँ भाजपा प्रवेश गर्नुभएको हो। सन् २०२३ मा उहाँलाई भाजपा प्रदेश अध्यक्ष बनाइएको थियो र सन् २०२४ मा उहाँले बिहारको उपमुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको थियो।

सन् १९६८ मा जन्मनुभएका चौधरी राजनीतिक रूपमा प्रभावशाली परिवारबाट आउनुभएको हो। उहाँका पिता शकुनी चौधरी तारापुर निर्वाचन क्षेत्रबाट छ पटक विधायक निर्वाचित हुनुभएको थियो भने आमा पार्वती देवीले सन् १९९८ मा तत्कालीन समता पार्टीबाट सोही क्षेत्र जित्नुभएको थियो।

पहिले नितिश कुमारका कट्टर आलोचक रहनुभएका चौधरी सन् २०२४ मा भाजपा-जेडीयु गठबन्धन पुनः बनेपछि राजनीतिक रूपमा नयाँ भूमिकामा देखिनुभएको थियो। सन् २०२२ मा उहाँले सार्वजनिक रूपमा नितिश कुमारलाई सत्ताबाट हटाएपछि मात्र आफ्नो प्रतीकात्मक 'मुरेथा' (पगडी) उतार्ने बताउनुभएको थियो, जसले उहाँको आक्रामक राजनीतिक शैली झल्काउँथ्यो।

आजको शपथ ग्रहणअघि केन्द्रीय मन्त्री चिराग पासवानले चौधरीलाई भेटेर शुभकामना व्यक्त गर्नुभएको थियो। उहाँले सामाजिक सञ्जाल एक्समा लेख्दै चौधरीको नेतृत्वमा बिहार विकास, सुशासन र समृद्धिको नयाँ चरणमा प्रवेश गर्ने विश्वास व्यक्त गर्नुभएको थियो।

सम्राट चौधरीको नेतृत्वलाई ओबीसी समुदाय, विशेषगरी कोइरी/कुशवाहा समूहबीच पार्टीको समर्थन विस्तार गर्ने रणनीतिक कदमका रूपमा पनि विश्लेषण गरिएको छ।

### अन्डमान सागरमा डुङ्गा दुर्घटना, २५० बेपत्ता

ढाका, २ वैशाख (रासस/एपी)।

असुरक्षित समुद्री यात्राको जोखिम फेरि एकपटक भयावह रूपमा सतहमा आएको छ। मलेसिया पुग्ने प्रयासमा अन्डमान सागर हुँदै यात्रा गरिरहेका रोहिङ्ग्या शरणार्थी र बङ्गलादेशी नागरिक बोकेको एक डुङ्गा डुब्दा कम्तीमा २५० जना बेपत्ता भएको संयुक्त राष्ट्रसङ्घीय निकायहरूले जनाएका छन्।

संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्तको कार्यालय (युएनएचसिआर) र अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम) ले मङ्गलबार जारी गरेको संयुक्त विज्ञप्तिअनुसार कोक्स बजार जिल्लाको टेकनाफ क्षेत्रबाट रोहिङ्ग्या शरणार्थी र बङ्गलादेशी नागरिक बोकेर मलेसियातर्फ गइरहेको डुङ्गा अन्डमान सागरमा पल्टिएको हो। तर यात्रा क्रममा अन्डमान सागरमा डुङ्गा पल्टिएपछि सबै यात्रु बेपत्ता भएको आशङ्का गरिएको छ।

डुङ्गा कहिले डुबेको हो भन्नेबारे स्पष्ट जानकारी अझै प्राप्त नभएको र बुधबारसम्म खोज तथा उद्धार कार्यको अवस्थाबारे पनि अनिश्चितता रहेको बताइएको छ। एजेन्सीहरूका अनुसार अत्यधिक भीड, तीव्र हावा र उग्र समुद्री अवस्थाका कारण डुङ्गाले सन्तुलन गुमाउँदा दुर्घटना भएको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ।

उक्त घटनाले रोहिङ्ग्या समुदायको दीर्घकालीन विस्थापन र सुरक्षित तथा दिगो समाधानको अभावलाई पुनः उजागर गरेको संयुक्त राष्ट्रसङ्घीय निकायहरूको भनाइ छ। म्यान्माको राखाइन राज्यमा जारी हिंसा र अस्थिरताका कारण उनीहरूको सुरक्षित स्वदेश फर्किने सम्भावना अझै अनिश्चित रहेको छ।

त्यसैगरी, बङ्गलादेशस्थित शरणार्थी शिविरहरूमा सीमित मानवीय सहायता, शिक्षा र रोजगारीमा प्रतिबन्धित पहुँचजस्ता समस्याले रोहिङ्ग्याहरूलाई जोखिमपूर्ण समुद्री यात्रा रोज्न बाध्य बनाइरहेको उल्लेख गरिएको छ। यस्तो अवस्था निरन्तर रहँदा मानव तस्करी र समुद्री दुर्घटनाको खतरा थप बढ्दै गएको बताइएको छ।

हाल बङ्गलादेशले म्यान्माबाट विस्थापित १० लाखभन्दा बढी रोहिङ्ग्या शरणार्थीलाई आश्रय दिँदै आएको छ। युएनएचसिआर र आइओएमले ती शरणार्थीहरूको जीवनरक्षक सहायता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समुदायसँग थप आर्थिक सहयोग र ऐक्यबद्धता सुदृढ गर्न आग्रह गरेका छन्।

अन्डमान सागरको यो दुर्घटनाले केवल एक मानवीय त्रासदी मात्र नभई क्षेत्रीय शरणार्थी सङ्कटको गम्भीरता र अन्तर्राष्ट्रिय उदासीनताको परिणामलाई पनि उजागर गरेको छ।

# पाँच वर्षमा स्वास्थ्यमा आठ प्रतिशत बजेट पुऱ्याउने सरकारको प्रतिबद्धता

काठमाडौँ, २ वैशाख (रासस) ।

सरकारले स्वास्थ्य क्षेत्रको बजेट हिस्सा विसं २०८८ सम्म आठ प्रतिशत पुऱ्याइने प्रतिबद्धता जनाएको छ ।

सरकारले बुधबार सार्वजनिक गरेको राष्ट्रिय प्रतिबद्धतामा पाँच वर्षमा स्वास्थ्य क्षेत्रमा आठ प्रतिशत बजेट पुऱ्याउने उल्लेख गरेको हो । विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार कुल बजेटको १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा विनियोजन गर्नुपर्ने हुन्छ ।

प्रतिबद्धतामा स्वास्थ्य बिमा कार्यक्रमलाई थप सुदृढ मोडलमा गुणस्तरीय तथा प्रत्येक नागरिकको पहुँच पुग्ने गरी विस्तार गरिने उल्लेख छ । 'एक नागरिक एक डिजिटल स्वास्थ्य प्रोफाइल' लागू गरिनाका साथै छरिएर रहेका स्वास्थ्यसम्बन्धी सुविधा र सहुलियतलाई सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गरिने पनि उल्लेख गरिएको छ ।

यसैगरी प्रत्येक प्रदेशमा एक अत्याधुनिक अपाङ्गता पुनःस्थापना विशिष्टीकृत स्रोत केन्द्र स्थापना गरी एकीकृत स्वास्थ्य सेवा सुनिश्चित गरिने उल्लेख छ ।

**जलन पीडितलाई निःशुल्क उपचार**

सरकारले जलन पीडितलाई निःशुल्क र गुणस्तरीय उपचार तथा मानसिक स्वास्थ्य सेवालाई नागरिकको पहुँचमा पुऱ्याइने जनाइएको छ ।

प्रतिबद्धतामा ज्येष्ठ नागरिक तथा अशक्त नागरिकको घरदैलोमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याइने, समग्र स्वास्थ्य प्रणाली सुधारका लागि आधारभूत स्वास्थ्यमा न्यूनतम मापदण्ड तयार गरी एकीकृत मोडल लागू गरिने, सङ्घ, प्रदेश र स्थानीय तहका स्वास्थ्य संरचनाको पुनःसंरचना गरी स्वास्थ्यकर्मी, उपकरण, भवन तथा सेवाको वर्गीकरण गुणस्तर निर्धारण गरिने उल्लेख छ । ग्रामीण र दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विशेष प्राथमिकताका साथ सञ्चालन गरिने छ ।

**प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सक**

प्रतिबद्धतामा प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा कम्तीमा एक जना चिकित्सा शिक्षामा स्नातकोत्तर तह उत्तीर्ण गरेका (एमडिपिजी चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा उपलब्ध गराइने बताइएको छ ।

यस्तै, गरिब, मजदुर, किसान, अपाङ्गता भएका व्यक्तिको बिमा वा निःशुल्क उपचार तथा अनिवार्य श्रम गर्नेलाई निःशुल्क स्वास्थ्य सेवाको नीति लागू गरिने प्रतिबद्धतामा उल्लेख छ ।

रोग लागेपछि उपचार होइन रोग नै लाग्न नदिने अवस्था सृजना, स्वस्थ हावापानी, वातावरण र सक्रिय जीवनशैली प्रोत्साहन गरी 'म स्वस्थ मेरो परिवार स्वस्थ्य' भन्ने महाअभियान सञ्चालन गरिने प्रतिबद्धतामा उल्लेख छ ।

स्वास्थ्य सेवामा आयुर्वेद, प्राकृतिक उपचार र योगध्यानलाई जोडी प्रमुख पर्यटकीय क्षेत्रहरूमा 'वेलनेस जोन' र योग प्रयोगशाला निर्माण गरिनाका साथै पाठ्यक्रममा योग, ध्यान र आयोग्य पर्यटन समावेश गरिने प्रतिबद्धतामा उल्लेख छ ।

उक्त प्रतिबद्धतालाई आगामी आर्थिक वर्ष २०८३/८४ को र त्यसपछिका वार्षिक नीति तथा कार्यक्रम, बजेट र सुधार 'एजेन्डा'मा आबद्ध गरिने जनाइएको छ ।

# वैद्यखानाले अब 'जिएमपी' मापदण्ड अनुसार औषधि उत्पादन गर्ने

काठमाडौँ, २ वैशाख (रासस) ।

सिंहदरबार वैद्यखानाबाट उत्पादन हुने आयुर्वेदिक औषधिलाई विश्व स्वास्थ्य सङ्गठनको कुशल उत्पादन अभ्यास (जिएमपी) मापदण्डमा लैजाने तयारी गरिएको छ ।

समितिका कार्यकारी निर्देशक डा प्रदीप केसीले चाँडै वैद्यखानाबाट उत्पादन हुने औषधि जिएमपी मापदण्डमा उत्पादन गरिने बताउनुभयो । उहाँका अनुसार यसै वर्ष शिलाजित, मिमियालगायत औषधिलाई जिएमपी मापदण्डअनुसार उत्पादन गरिनेछ । आगामी आर्थिक वर्षदेखि चुर्ण र ट्याब्लेटलाई जिएमपी मापदण्डमा उत्पादन गरिने उहाँको भनाइ छ ।

कार्यकारी निर्देशक केसीले आफू समितिको अध्यक्ष भएर आएदेखि औषधि उत्पादन बढेको बताउनुभयो । उहाँका अनुसार १०३ प्रकारका औषधि उत्पादन गरिरहेको बताउनुभयो । "हामीले लक्ष्यभन्दा बढी औषधि उत्पादन गरिरहेका छौँ । चालु आवमा ८४ औषधि उत्पादन गर्ने लक्ष्य भए पनि हामीले १०३ प्रकारका औषधि उत्पादन गरिरहेका छौँ", उहाँले भन्नुभयो, "सबैको सहयोगबाट वैद्यखानामा औषधि उत्पादन बढाइएको छ ।"

आव २०८१/८२ मा ७७ औषधि उत्पादन गर्ने भने तापनि ४० प्रकारका औषधि उत्पादन गरिएको थियो । यस्तै, आव २०८०/८१ मा १४ प्रकारका, आव २०७९/२०८० र आव २०७८/२०७९ मा १५ प्रकार, आव २०७७/०७८ मा २५ प्रकारका औषधि उत्पादन भइरहेको थियो ।

कार्यकारी निर्देशक केसीले विगत पाँच वर्षदेखि घाटामा रहेको वैद्यखानालाई औषधि उत्पादन बढाएर नाफामा पुऱ्याइएको बताउनुभयो । वैद्यखानाले चालु आवमा वार्षिक ५५ हजार किलो बराबरको कच्चापदार्थबाट औषधि उत्पादन गर्दै आइरहेको छ । वैद्यखानाले हालसम्म १०१ खरिद आदेशमा सम्झौता भएर ८५ काम सम्पन्न गरिसकेको छ ।

# जन्मदर्ता, विवाह दर्ताजस्ता पञ्जीकरणसम्बन्धी प्रमाणपत्र पनि नागरिक एपमा उपलब्ध हुने

काठमाडौँ, २ वैशाख (रासस) ।

राष्ट्रिय पञ्जीकरणका सूचना नागरिक एपमा एकीकरण गर्ने प्रक्रिया अघि बढाईएको छ । जन्म दर्ता, विवाह दर्ता, सम्बन्धविच्छेद दर्तालगायतका पञ्जीकरणका सूचना एकीकृत प्रणालीमा आबद्ध गर्ने प्रक्रिया थालिएको सूचना प्रविधि विभागका महानिर्देशक श्रीचन्द्र साहले जानकारी दिनुभयो ।

अहिले यी विवरणहरू एकीकरणका लागि प्रारम्भिक प्रक्रिया थालिएको र केही समयभित्र कार्यान्वयनमा ल्याउनेगरी तयारी भइरहेको उहाँको भनाइ छ । तथ्याङ्क एकीकरणपछि जन्मदर्ता, विवाह दर्ताजस्ता पञ्जीकरणसम्बन्धी प्रमाणपत्र पनि नागरिक एपमा उपलब्ध हुनेछन् ।

पछिल्लो समय सरकारले डिजिटल सुशासनलाई थप सुदृढ गर्ने लक्ष्यसहित नागरिक सेवाहरूलाई अनलाइन माध्यमबाट उपलब्ध गराउने अभियानलाई तीव्रता दिइरहेको छ । जसअन्तर्गत निजामती कर्मचारीको व्यक्तिगत विवरण, लोक सेवा आयोगका परीक्षार्थीको प्रवेशपत्र तथा वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) नागरिक एपमार्फतै प्राप्त गर्न सकिने व्यवस्था अन्तिम चरणमा पुगेको विभागले जनाएको छ । त्यस्तै, नेपाल इन्जिनियरिङ परिषद्सँग सम्झौता गरी परिषद्बाट जारी हुने व्यावसायिक इन्जिनियर प्रमाणपत्र पनि नागरिक एपबाटै उपलब्ध हुने प्रक्रियासमेत अघि बढाइएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्ययोजनाअनुसार नागरिक एपमा थप सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने र ४५ दिनभित्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको थियो । तर सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले तोकिएको अवधिभन्दाअगावै यी कामहरू सकिसक्न विभागलाई निर्देशन दिनुभएको छ । यस पहललाई अघि बढाउन सञ्चारमन्त्री तिमिल्सिनाले विशेष चासो देखाउँदै नागरिक एपमा थप सेवा एकीकृत गर्नसमेत निर्देशन दिनुभएको छ । सोही निर्देशनअनुसार विभागले विभिन्न निकायसँग समन्वय गर्दै प्रणाली विकास तथा परिमार्जनको काम भइरहेको जनाएको छ ।

सार्वजनिक सेवामा पारदर्शिता, सहजता र डिजिटल पहुँच विस्तार गर्ने लक्ष्यसहित मन्त्रिपरिषद्को बैठकबाट यहि चैत १३ गते स्वीकृत 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' को बुँदा नम्बर ३५ मा पनि यो विषय उल्लेख भएको थियो । नागरिक एपमार्फत प्रहरी चारित्रिक प्रमाणपत्र (पुलिस क्लियरेन्स रिपोर्ट) डाउनलोड गर्न सकिने सुविधा भने हाल सञ्चालनमा आइसकेको छ– । नयाँ सेवाहरू थपिएसँगै नागरिक एपलाई 'वन–स्टप डिजिटल सेवा प्लेटफर्म' बनाउने सरकारको उद्देश्य अझ सशक्त हुने अपेक्षा गरिएको छ ।

डिजिटल माध्यमबाट सेवा उपलब्ध गराउने यस कदमले सेवाग्राहीलाई समय, लागत र प्रक्रियागत झन्झटबाट राहत दिने विश्वास गरिएको छ भने सरकारी सेवा प्रवाहलाई पनि थप पारदर्शी, प्रभावकारी र आधुनिक बनाउने दिशामा महत्त्वपूर्ण उपलब्धि मानिएको छ ।

# राष्ट्रिय आर्थिक गणना सुरु

**दैनिक समाचारदाता**
**काठमाडौँ, २ वैशाख ।**

देशको समग्र आर्थिक अवस्थाबारे बुझ्न तथा विकास योजना तर्जुमा गर्न आवश्यक पर्ने विस्तृत विवरण सङ्कलनका निम्ति दोस्रो राष्ट्रिय आर्थिक गणना सुरु भएको छ ।

देशभर ८४ वटा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरेर तथ्याङ्क सङ्कलन थालेको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ ।

उक्त कार्यालयले बुधबार यहाँ पत्रकार सम्मेलन गरेर चार हजार ४३३ जना तालिमप्राप्त गणक तथा सुपरीवेक्षक आगामी असार ७ गतेसम्म तथ्याङ्क सङ्कलनमा परिचालन हुने जानकारी दिएको हो ।

उक्त कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार उद्योग, व्यापार, सेवा, निजी व्यवसाय, सहकारी तथा सार्वजनिक संस्थानहरूको सङ्ख्या, वितरण, रोजगारी, उत्पादन तथा सेवा प्रवाहसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिने छ ।

अन्तरराष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार अर्थतन्त्रका २१ मध्ये १८ क्षेत्रमा आधारित आर्थिक क्रियाकलापलाई गणनामा समेटिएको छ । गणनामा दर्ता भएका तथा नभएका साना–ठूला व्यवसाय, गैरसरकारी संस्था, विद्यालय, अस्पताललगायत आर्थिक गतिविधिमा संलग्न एकाइहरूमा समावेश छन् भने कूटनीतिक नियोग, सुरक्षा निकाय तथा घरायसी क्रियाकलापलाई गणनामा समावेश गरिएको छैन ।

"गणनालाई सफल बनाउन केन्द्रदेखि स्थानीय तहसम्म समन्वय समितिहरू गठन गरिएका छन् । साथै, स्थानीय तह र वडा कार्यालयसँग सहकार्य, उद्योग व्यवसायसँग सम्झौता तथा सञ्चारमाध्यममार्फत प्रचारप्रसार गरिएको कार्यालयले जनाएको छ ।

रेडियो, टेलिभिजन तथा डिजिटल माध्यमबाट जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालनमा छन्", प्रवक्ता लामिछानेले भने, "प्राविधिक रूपमा गणनालाई सुदृढ बनाउन अनलाइन 'इ-सेन्सस' प्लेटफर्म सञ्चालनमा ल्याइएको छ भने भौगोलिक सूचना प्रणाली (जिआइएस) मार्फत गणना क्षेत्र पहिचान गरिएको छ ।"

साथै उनले उद्यमी, व्यवसायी, सेवा प्रदायक तथा सङ्घसंस्थालाई सत्य, पूर्ण र विश्वसनीय विवरण उपलब्ध गराउन आग्रह गरे । सङ्कलित सबै विवरण तथ्याङ्क ऐन, २०७९ अनुसार गोप्य राखिने छ ।


सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np